म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१४ अङ्क:- १९३ २०८० जेठ २४ गते बुधबार 7 June 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## फलाम चोरी गरेको आरोपमा बोहरा पक्राउ

हेटौँडाः हेटौँडा-४, हुप्रचौरमा निर्माणाधिन स्वास्थ्य चौकी भवनको फलाम चोरी गरेको आरोपमा एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दाङ जिल्ला तुल्सिपुर नगरपालिका-११ बिजौरी घर हाल भई हाल हेटौँडा बजारको सडकपेटिमा सुती हिँड्ने २६ वर्षीय नारायण बोहरा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो । सोमबार साँझ ६ बजेर ३० मिनेटको समयमा बोहराले भवनको फलाम चोरी गरी बोरामा बोकी हिँडिरहेको अवस्थामा प्रहरीले भेट्टाएको थियो । बोहरालाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# चण्डिका माविले उडाएको छानो छायो




समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माविको कक्षाकोठाको उडाएको छानो छाएको छ । जेठ ३ गते साँझ ५ बजेको समयमा हावाहुरीले ३ वटा कक्षाकोठाको छानो पूर्णरुपमा उडाएको थियो । मकवानपुर गढी गाउँपालिकाले तत्काल जस्तापाता उपलब्ध गराएपछि विद्यालयको पठनपाठन संचालनमा आएको छ ।

जेठ १६ गतेदेखि पूर्णरुपमा पठनपाठन संचालनमा आएको चण्डिका माध्यमिक विद्यालयका प्रधानाध्यापक कमल फूयाँलले जानकारी दिनुभयो । एउटै कक्षाकोठामा धेरै विद्यार्थी राखेर पठनपाठन गर्दै आइरहेको विद्यालय पूर्णरुपमा संचालनमा आएको हो । पालिकाले २ लाख रुपैयाँ रकमको जस्तापाता सहयोग गरिएपछि कक्षाकोठा मर्फत सुरु गरिएको थियो । एउटा सोलार प्यानल, २ वटा फ्यान, केजी र १ कक्षाको म्याट र साजसज्जा पूर्णरुपमा क्षति भएको थियो । करिब ८ लाख रुपैयाँ बराबरको क्षति पुगेको थियो । क्षति लगत्तै पालिका र प्रदेश सरकारलाई जानकारी गराइको थियो ।

त्यसपश्चात बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मुक्तान, प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामीसहित पालिकाका प्रमुख, उपप्रमुखहरु अवलोकनका लागि पुगेका थिए । हावाहुरीले क्षति पुगेको विद्यालयलाई स्थानीय श्रमिक दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले ३ थान फ्यान, गाउँ शिक्षा समितिका सदस्य एवम् वंशगोपाल माविका निवर्तमान अध्यक्ष रामप्रसाद पुडासैनीले ५ थान वाल फ्यान, नेकपा माओवादी मकवानपुरगढी गाउँ कमिर्टीका अध्यक्ष राजकुमार खड्काले २ थान वाल फ्यान, तरुण दल मकवानपुरगढी गाउँ समितिका सभापति सानोकान्छा थिङले २ थान नाइटभिजन सीसीक्यामरा सहयोग गर्नुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ४ सय विद्यार्थी अध्ययनरत छन् ।

## प्रदेश मन्त्रीद्वारा आँखा अस्पताल अवलोकन

# उपकरण उपलब्ध गराउन अस्पतालको आग्रह



*बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीलाई मागपत्र पेश गर्दै आँखा अस्पतालका अधिकारीहरु ।*

सुप्रभा शर्मा

हेटौँडाः बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री उत्तम जोशीले सोमबार हेटौँडा सामुदायिक आँखा अस्पतालको अवलोकन गर्नुभएको छ । अस्पतालले आवश्यक सहयोगका लागि पहल गर्ने क्रममा मन्त्री जोशीले अस्पताल भ्रमण गरी अस्पतालको वस्तुस्थितिका बारेमा समेत जानकारी लिने गरी अवलोकन गर्नुभएको हो ।

अस्पतालको अवलोकनपछि मन्त्री जोशीलाई अस्पतालका प्रशासन प्रमुख सुधीर श्रेष्ठले अस्पतालको वस्तुस्थितिका बारेमा जानकारी गराउनुभएको थियो । अस्पतालले नियमित ओपिडी, आकस्मिक उपचार सेवाका साथै शल्यक्रिया गरी आँखाको उपचार गर्दै आएको श्रेष्ठले जानकारी दिनुभयो । विभिन्न सामुदायिक तथा सामाजिक संघ, संस्थासँगको सहकार्यमा हेटौँडा सामुदायिक आँखा अस्पतालले विभिन्न स्थानमा आँखा जाँच शिविर गर्नुका साथै निशूल्क मोतिविन्दुको शल्यक्रिया सेवा समेत प्रदान गर्दै आएको श्रेष्ठले बताउनुभयो । अस्पतालको वस्तुस्थितिबारे जानकारी गराएसँगै अस्पतालका प्रमुख डा. सुनिल थकाली, संरक्षक सिद्धिलाल श्रेष्ठ र प्रशासन प्रमुख सुधीर श्रेष्ठले संयुक्तरुपमा प्रदेश सरकारलाई सहयोगका लागि मागपत्र बुझाएका छन् । अस्पतालले मोतिविन्दुको उपचारको क्रममा आवश्यक बायोमेट्रिक मेसिन उपलब्ध गराइदिन माग गरिएको छ ।

बायोमेट्रिक मेसिन मोतीबिन्दु रोगको शल्यक्रिया गर्नुअघि लेन्सको पावर नाप्न प्रयोग गरिने अस्पतालका प्रमुख डा. सुनिल थकालीले बताउनुभयो । अहिले अस्पतालमा रहेको बायोम्याट्रिक मेसिन पुरानो भएकोले नयाँ मेसिनका लागि प्रदेश सरकारसँग आग्रह गरिएको डा. थकालीले जानकारी दिनुभएको छ । बायोमेट्रिक मेसिन खरिद गर्न करिब २५ लाख रुपैयाँ लाग्ने डा. थकालीले बताउनुभएको छ ।

यस्तै आँखामा लगाउने लेन्स उत्पादन उद्योग काठमाडौंबाट हेटौँडा सार्ने तयारी भइरहेको अस्पतालका संरक्षक सिद्धिलाल श्रेष्ठले जानकारी दिनुभयो । उद्योगका लागि प्रशासनिक भवन र पर्खाल निर्माण भइसकेको र केही महिनाभित्रै लेन्स उद्योग हेटौँडा-३, बसामाडीमा सञ्चालनमा आउने संरक्षक श्रेष्ठले बताउनुभयो । हेटौँडा सामुदायिक आँखा अस्पतालले मकवानपुरका स्थानीय पालिकासँगको सहकार्यमा पालिकामै ग्रामीण आँखा केन्द्र स्थापना गरी आँखाको आधारभूत स्वास्थ्य परीक्षण र उपचारको कार्य गर्दै आएको छ । गत साता मात्रै मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ग्रामीण आँखा केन्द्र स्थापना गरिएको थियो । यसअघि थाहा नगर पालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, कैलाश गाउँपालिका ग्रामीण आँखा केन्द्र सञ्चालनमा रहेको छ । बकैया गाउँपालिकामा छिट्टै ग्रामीण आँखा केन्द्र स्थापना गर्ने तयारी भइरहेको छ । यस्तै राक्सिराङ, भीमफेदी र मकवानपुरगढीमा पनि ग्रामीण आँखा केन्द्र स्थापनाको पहल भइरहेको प्रशासन प्रमुख सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ ।

# मुख्यमन्त्रीलाई कांग्रेस सचिवको ४० बुँदे सुझाव

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले हेटौँडा उपमहानगरपालिकाको विकासका लागि बागमती प्रदेश सरकार समक्ष सुझावहरु पेश गर्नुभएको छ । हेटौँडालाई समृद्ध बनाउने उद्देश्यका साथ सचिव महतले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विभिन्न योजनाहरु समेटिएको सुझावपत्र बुझाउनुभएको छ ।

उहाँले पर्यटन, धर्म, जलचर संरक्षण, विभिन्न जंगली जनावरका फार्महरुका बारेमा, फलफूलको शहर, रमणीय क्षेत्रलगायतका ४० वटा योजनाहरु सुझाव लिखितरुपमा बुझाउनुभएको छ । सचिव महतले आफ्ना सुझावलाई आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेटमा समावेश गर्न आग्रह गर्नुभएको छ । 'यस योजनाले हेटौँडाको पर्यटन क्षेत्रको विकासमा सहयोग पुग्नेछ । पर्यटकीय क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार विकास गरेको खण्डमा पक्कै पनि छिमेकी राष्ट्र भारतबाट यहाँ पर्यटक भित्र्नेछन्', उहाँले भन्नुभयो ।

सुझाव पत्र बुझ्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले प्रदेशको राजधानी मकवानपुर लाई विशेष रुपमा विकास गर्न बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउनुभएको छ । 'हेटौंडाको पर्यटन क्षेत्रमा लागनी गर्न प्रदेश सरकार तयार रहेको छ । यसका लागि आवश्यक अध्ययन हुन जरुरी छ ।', मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, "पर्यटन क्षेत्रका लागि आवश्यक पूर्वाधार देखिने गरी विकास गर्न प्रदेश सरकार प्रतिबद्ध छ ।"

## विद्यालय कर्मचारीको आन्दोलन

# शिक्षक संघ, संगठनको ऐक्यबद्धता

समाज संवाददाता

हेटौँडाः विद्यालय कर्मचारीले आफ्ना माग सम्बोधन नभएको भन्दै आन्दोलन जारी राखेको छ । आइतबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरमा धर्ना दिएका विद्यालय कर्मचारीले सोमबार हेटौँडा उपमहानगरपालिकाको कार्यालय परिसरमा धर्ना दिएका छन् । नेपाल विद्यालय कर्मचारी परिषद्ले हेटौँडा उपमहानगरपालिका शिक्षा महाशाखामा ज्ञापनपत्र समेत बुझाएको छ ।

विद्यालय कर्मचारीले उचित पारिश्रमिकका लागि उपमहानगरपालिकामा छलफल राखेको थियो । छलफलमा हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइराला, हेटौँडा उपमहानगरपालिकाका विज्ञ सल्लाहकार डा. कृष्णप्रसाद धिताल, शिक्षा महाशाखाका अधिकृत रमेश बिडारी, महाशाखा अधिकृत रामचन्द्र खड्काको उपस्थिति रहेको थियो । विद्यालय कर्मचारीको धर्ना कार्यक्रम जेठ २६ गतेसम्म हुने बताइएको छ ।

यसैबीच विद्यालय कर्मचारीहरुको जारी आन्दोलनमा पेशागत महासंघ मकवानपुर, नेपाल शिक्षक संघ मकवानपुरले ऐक्यबद्धता व्यक्त गरेको छ । विद्यालय कर्मचारीहरुले सेवा सुविधा वृद्धिको माग राख्दै गरेको आन्दोलनमा महासंघ र संघ दुवैले ऐक्यवद्धता जनाएको हो ।

# गाई काटेको आरोपमा पक्राउ परेका धरौटीमा रिहाई

समाज संवाददाता

हेटौँडाः गाई काटेको आरोपमा पक्राउ परेका धरौटीमा रिहा भएका छन् । मकवानपुर प्रहरीले बकैया गाउँपालिकाबाट पाँच जनालाई पक्राउ गरेको छ । शुक्रबार साँझ बकैया-५, स्थित तीनतलेबाट गाई काटेर भाग लगाइरहेको अवस्थामा मकवानपुर प्रहरीले पाँच जनालाई पक्राउ गरेको थियो ।

सोमबार जिल्ला अदालतले पक्राउ परेकालाई जनही २५ हजार रुपैयाँ धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो । बरामद गरिएको गाईको मासु परीक्षणका लागि पठाइएको कार्कीले बताउनुभयो । अभियोग पुष्टि भएमा ३ वर्षको जेल सजाय हुन सक्ने व्यवस्था रहेको छ । पक्राउ पर्नेमा सोही ठाउँका ३० वर्षीय जयराम स्याङ्तान, ४८ वर्षीय दिनेश थिङ, ५५ वर्षीया माइली थिङ, ६३ वर्षीया साइली माया गोले र ४८ वर्षीया सपना स्याङ्तान रहेका रहेका थिए । प्रहरीले ४० केजी गाईको मासुसहित उनीहरुलाई पक्राउ गरेको थियो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np



## सम्पादकीय

# गर्मीमा खानेकुरामा ध्यान दिऔं

करिब एक सातादेखि देशभर गर्मी बढेको छ । गर्मी बढ्दै गएर मौसम प्रतिकूल बनेका कारण मानिसलाई विभिन्न समस्याहरु भइरहेका छन् । आम मानिसको जनजीवन प्रभावित हुन थालेको छ । अत्यधिक गर्मी र यसबाट बालबालिकामा समस्या देखिन थालेपछि विद्यालयहरुमा विदा दिइएको छ । गर्मीकै कारण बालबालिकालगायत अन्य मानिसमा स्वास्थ्य समस्यासमेत देखिने गरेको छ । गर्मी बढ्दै गएका कारण विभिन्न प्रकारका रोगको संक्रमण पनि बढेको छ । यो मौसममा विभिन्न प्रकारका सरुवा रोगका जीवाणु तथा भाइरसको संक्रमण बढी हुने गर्छ । गर्मी सिजनमा विशेषगरी टाइफाइड ज्वरो, आउँ, झाडापखाला, हैजा, हेपाटाइटिस आदि रोगको संक्रमणको सम्भावना बढी रहन्छ । लामखुट्टे तथा अन्य जीवको टोकाइबाट सर्ने डेंगु, मलेरिया, जापानिज इन्सेफ्लाइटिस, कीट तथा भुसुनाको टोकाइबाट सर्ने स्क्रवटाइफस, कालाजार आदि फैलने गरेको छ । गर्मीमा हुने अधिकांश रोगको संक्रमण हुनुमा मुख्यरुपमा खानपिनलाई लिइन्छ । सडेगलेका, झिंगा भन्केका, राम्रो सफाइ नभएको ठाउँमा खानाले र आफ्नो पनि सफाइ राम्रोसँग नगरेको अवस्थामा रोगको संक्रमण हुने र एक-अर्कामा सर्ने गर्दछ ।

मानिसमा विभिन्न प्रकारका रोगहरु लाग्नुको सबैभन्दा प्रमुख कारण खानपिनमा हुने गडबडी हो । गर्मी महिनामा स्वस्थकर खानेकुरामा ध्यान नदिँदा अधिकांश रोग लाग्ने र संक्रमण फैलने जोखिम अत्यधिक हुन्छ । सन्तुलित र व्यवस्थित भोजनलाई बेवास्ता गर्दा हामी विभिन्न रोगको शिकार बन्नुपरेको छ । व्यापार-व्यवसाय गर्दा मानव स्वास्थ्यलाई पर्याप्त ध्यान नदिँदा हाम्रो स्वास्थ्य दिन प्रतिदिन बिग्रँदै गएको छ । व्यापारको नाममा जनस्वास्थ्यलाई बेवास्ता गरिएको छ । मानव स्वास्थ्यको बेवास्ता गरी सडक किनारमा जथाभावी खानेकुरा बिक्रीवितरण हुने गरेका छन् । मानवीय स्वास्थ्यलाई नकारात्मक असर पार्न सक्ने यस्ता अस्वस्थ खानेकुराको बिक्रीवितरण नियन्त्रण गर्नेतर्फ सरोकारवाला निकायले ध्यान दिएको छैन । काठमाडौं महानगरपालिकाले फुटपाथ तथा ठेलाबाट हुने व्यापारलाई लगभग अन्त्य गरिसकेको अवस्थामा देशका अन्य क्षेत्रमा भने यस्ता काम हुन सकेको छैन । सडक पेटी तथा रिक्सा/ठेलामा पानीपुरी, चटपटे, मम, चाट र विभिन्न प्रकारका नास्ताहरु बिक्री हुने गरेको छ । न्यून आय भएका परिवारले यसलाई आयआर्जनको स्रोत बनाउने गरेका कारण पनि यस्ता अखाद्य वस्तुहरु बिक्रीवितरण नियन्त्रण गर्न सरोकारवाला निकाय असफल बनिरहेको छ ।


विद्यालय, क्याम्पस, सार्वजनिक स्थल तथा मानवीय चाप बढी हुने स्थानहरुमा सडक किनारा तथा पेटीमा खानेकुरा बिक्री बढी हुने गर्दछ । ठूला होटल तथा रेष्टुरेन्टमा भन्दा सस्तोमा सडकमै खान पाइने र कुरेर बस्नु नपर्ने भएकाले युवा पुस्तामा 'स्ट्रीट फुड' लोकिप्रय हुने गरेको छ । खासै लगानी नगरी राम्रै बिक्री र नाफा गर्न सकिने यस्ता व्यवसाय मानव स्वास्थ्यका हिसाबमा उपयुक्त मानिँदैन । सडकमै खुलारुपमा तयार गरिने र बिक्री गरिने भएकाले यस्ता खानेकुरामा धुलो पर्ने, झिँगा भन्कने एवम् अन्य फोहोरले दूषित हुने सम्भावना उच्च रहन्छ । अहिले गर्मी चर्किरहेको अवस्थामा यस्ता खानेकुरा खानु भनेको शरीरलाई कष्ट हुनुका साथै अस्पतालको बास हुन पनि सक्छ ।

जनस्वास्थ्यको ख्यालै नगरी सार्वजनिक स्थलमा जथाभावी खानेकुरा बिक्री हुँदा पनि सम्बन्धित स्थानीय तह (नगर/गाउँपालिका)ले खासै चासो र चिन्ता देखाएको छैन । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा यसअन्तर्गत्का कार्यालयहरु, अन्य सरोकारवाला सरकारी कार्यालय एवम् उपभोक्तावादी संघसंस्था पनि चुपचाप नै बसिरहेका छन् । हेटौंडा उपमहानगरपालिकाले फुटपाथमा हुने व्यापारलाई केही कम गरेको भए पनि पूर्णरुपमा हटाउन सकेको छैन । कुनै पसलको एक छेउमा वा फुटपाथमा राख्ने वा ठेला/गाडा वा गाडीहरुमा राखेर बिक्री गर्ने गरेका कारण यसको एकैपटक अन्त्य गर्नु सम्भव छैन । अन्य समयमा भन्दा नियमनकारी निकायले गर्मी सिजनमा बिक्री हुने यस्ता खानेकुराको स्वच्छता, ताजापन र शुद्धतामा विशेष ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाटमा समय व्यतित हुने समय योग छ ।
**वृष** : शत्रु र प्रतिद्वन्द्वीसँग सजगता अपनाउँदा राम्रो ।
**मिथुन** : व्यापार– व्यवसायका कामहरु मध्यमकारक होलान् ।
**कर्कट** : कार्यक्षेत्रमा मिहिनेत र श्रमले सफलता प्राप्त ।
**सिंह** : सहकर्मीको सहयोगले नोकरीमा पूर्णता प्राप्त ।
**कन्या** : व्यक्तित्व विकासका काममा समय व्यतित होला ।
**तुला** : धार्मिक तथा परोपकारजन्य काममा लागि परिएला ।
**वृश्चिक** : अध्ययन– अध्यापनका काममा सरिक भइएला ।
**धनु** : व्यापार– व्यवसाय मध्यमकारक रहने छ ।
**मकर** : सानो प्रयासले रोकिएका कामहरु बन्लान् ।
**कुम्भ** : नोकरीमा पुराना समस्याहरु बल्झिएलान् ।
**मीन** : पढाइ– लेखाइ मध्यमकारक रहने समय छ ।

# सत्तासँग सीमाको सौदा



गोकर्ण देवकोटा

भर्खरै प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमण सम्पन्न भएको छ । सरकार गठनको पृष्ठभूमि र यसका पछिल्ला गतिविधिले पनि यो भ्रमणबाट नेपालको हितमा कुनै उपलब्धि हासिल हुने अपेक्षा थिएन ।

कम्तीमा राष्ट्रको अहितमा कुनै काम नभइदिए हुन्थ्यो भन्ने आम जनमानसको चाहना थियो । प्रधानमन्त्रीको भ्रमणको केही घण्टा पहिले हतार-हतारमा नागरिकता विधेयक प्रमाणीकरण गरिंदा सरकारको नियतमाथि नै गम्भीर प्रश्न उठेको थियो ।

भ्रमण टोली दिल्लीमै छँदा कालापानी, लिपुलेक, लिम्पियाधुराको सट्टा बंगलादेश जाने बाटोको विकल्पको कुरा उठेको सार्वजनिक भयो।व्यक्तिगत रुपमा मलाई यो हदसम्म राष्ट्रविरोधी कुरा देशको नेतृत्व गरेको टोलीसमक्ष कसरी भएको होला भनेर विश्वास लागेको थिएन तर प्रधानमन्त्रीले नेपाल आएपछि हाकाहाकी बहादुरीका साथ एउटा विकल्प हुनसक्ने कुरा सुनाउनुभयो। यसबाट आम देशभक्त नेपाली दुःखी र आक्रोशित भएका छन् ।

काठमाडौंमा बसेका कतिपय सत्ता-स्वार्थीहरु त यसलाई भारत र बंगलादेश बीचको सीमा विवाद समाधानको मोडेल अनुसार हल गर्न सकिने तर्क समेत गर्दैछन् ।

वास्तवमा भारत र बंगलादेशको विवाद दुवै देशका जनता एकअर्काले दाबी गरेका क्षेत्रहरुमा बसोबास गरिरहेका थिए । विवाद दुईतर्फी भएको हुनाले उक्त मोडेलमा समाधान भएको थियो ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारतले एकतर्फी अतिक्रमण गरेर बसेको छ। भारत र बंगलादेशबीचको विवाद सीमा विवाद थियो भने कालापानी क्षेत्रमा सीमा विवाद नभएर भारतीय पक्षबाट सेना परिचालन गरी गरिएको कब्जा हो ।

कब्जाको समाधान एकतर्फी रुपमा भारत पछाडि हट्नु हो।यस सन्दर्भमा भ्रमणको बेला प्रष्ट रुपमा भारत सरकार समक्ष राख्नुको सट्टा देशको प्रधानमन्त्रीले विकल्पको कुरा उठाउनु अघोषित रुपमा यो मुद्दाबाट नेपाल पछाडि हटेको भन्ने सन्देश गएको छ ।

नेपाल देश पुर्खाहरूले धेरै ठूलो त्याग, तपस्या र बलिदान गरी निर्माण गरेका हुन्। सन् १८१४ देखि १८१६ सम्म भएको नेपाल-अंग्रेज बीचको युद्धमा अत्याधुनिक हातहतियार भएको अंग्रेज सेनासँग बहादुरीका साथ लामो लडाइँ लडेर यो भूभागलाई जोगाउन सफल भएका थिए ।

सन् १८१६ मा भएको सुगौली सन्धिमा पश्चिम नेपालको सीमा सन्दर्भमा महाकाली पश्चिमको भूभागमा नेपालले दाबी गर्ने छैन भनिएको छ ।

त्यो सन्धि हुनु अगाडि नेपालको सीमा कुमाउ, गडवाल हुँदै टिष्टा, काँगडासम्म थियो। सुगौली सन्धिले हाम्रो थुप्रै भूभाग गुमेतापनि नेपालले त्यो सन्धिलाई आजसम्म पनि अक्षरशः पालना गरेको छ । हामीले प्रष्टसँग भारत सरकारसमक्ष उक्त सन्धिलाई पालना गर्ने कि नगर्ने भनी प्रश्न उठाउन सक्नुपर्दछ । किनकि उक्त सन्धिबाट सबभन्दा धेरै फाइदा हालको भारतलाई भएको छ र धेरै भूभाग नेपालको गुमेको छ ।

भूपरिवेष्टित राष्ट्रले समुद्रसम्म पुग्ने पहुँच प्राप्त गर्ने अधिकार अन्तर्राष्ट्रिय कानुनले हामीलाई दिएकै छ । कानुनी रूपमा प्राप्त गर्ने अधिकार पाउन देशको भूमि साटफेर गर्ने हदसम्मको सोच उत्पन्न हुनु कदाचित राम्रो मान्न सकिन्न । हामीले तथ्य र प्रमाणका आधारमा भारतसमक्ष वार्ता गर्नुपर्दछ । हामी आफैं गलेर विकल्पमा जान थाल्यौं भने भोलि भारतले 'केही अर्ब पैसा लैजाऊ, त्यो भूमि छोडिदेऊ' भन्न सक्छ ।

कतिपय राष्ट्रविरोधी सोच भएकाहरू हाम्रो भनाइलाई सस्तो लोकप्रियताका लागि बोलेको टिप्पणी गर्छन् । अझ कतिपय बुद्धिजीवीहरू मातृभूमिको कुनै भागलाई विकट, अनकन्टार भन्दै छोडिदिएर अरु फाइदा लिनुपर्छ भन्ने तर्क गरिरहेका छन् ।

तीन करोड नेपाली जनतामध्ये केही हजार यस्ता आत्मसमर्पणवादी चिन्तन भएका व्यक्तिहरू भएतापनि आम नेपाली जनता राष्ट्र, राष्ट्रियता, हाम्रो भौगोलिक अखण्डता र सार्वभौमसत्ताप्रति प्रतिबद्ध छन्। अंग्रेजहरूको तोपका अगाडि दूधे बालक पिठ्युँमा बोकेर लडाइँ लडेका ती अग्रजहरूका सन्तान पेट पाल्नको लागि माटोको सौदा गर्ने कुरालाई कदापि सफल हुन दिने छैनन् ।

हाम्रो देशको मिचिएको भूमि फिर्ता गर्ने कुरामा कुनै पनि सौदाबाजी हामीलाई मन्जुर छैन । तथ्य र प्रमाणले भारतले पुष्टि गर्न सक्छ भने हामी सहर्ष स्वीकार गर्न तयार हुनुपर्छ अन्यथा जबर्जस्ती भूमि माथि गरिएको अतिक्रमण नेपाल माथिको भारतीय हस्तक्षेप हो भन्ने कुरालाई अन्तर्राष्ट्रिय समुदायसमक्ष समेत राख्ने आँट हामीले गर्नुपर्दछ ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र (झण्डै ४०० वर्ग कि.मी.) ऐतिहासिक, व्यापारिक, राजनीतिक र धार्मिक, सांस्कृतिक हिसाबले अत्यन्त महत्वपूर्ण स्थान हो ।

प्राचीनकालमा व्यास ऋषिले तपस्या गरेको सो भूमि कैलाश मानसरोवरको प्रवेशद्वार पनि हो। ॐ पर्वत जस्तो महत्वपूर्ण हिमाल रहेको स्थान हो । सांस्कृतिक हिसाबले संस्कृतिका अत्यन्त धनी व्यासी शौका समुदायको वासस्थल हो ।

लिम्पियाधुरा भारत, चीन र नेपालको त्रिदेशीय विन्दु एवम् महत्वपूर्ण व्यापारिक नाका हो । यस कारण कुनै पनि देशभक्त नेपालीले लिम्पियाधुरा, लिपुलेक र कालापानी विनाको नेपालको कल्पना पनि गर्न सक्दैन । राज्य सत्ताको पहुँचबाट निकै टाढा रहेको यो भूमिबारे राष्ट्रियस्तरमा स्थापित गर्न निकै लामो संघर्ष गर्नु परेको थियो । यसबारे कुरै गर्नुहुँदैन, भारतले नुन तेल र बाटो बन्द गरिदिन्छ भन्ने विचारका बीचमा पञ्चायतकालमा स्व. बहादुर सिंह ऐतवाल र बहुदलीय व्यवस्था पुनर्स्थापनापछि केन्द्रमा जननेता स्व. मदन भण्डारी र हाल एमालेका अध्यक्ष कमरेड केपी शर्मा ओलीले सदनमा संकल्प प्रस्ताव समेत राखेर राष्ट्रिय स्वाभिमानको झण्डा उचाल्नुभएको थियो ।

दार्चुला जिल्लाका तत्कालीन प्रतिनिधिसभा सदस्य स्व. प्रेम सिंह धामी, एमालेका नेता स्व. वीरबहादुर ठगुन्ना र संविधानसभा सदस्य स्व. गोपालसिंह बोहराले अविरल यो मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न महत्वपूर्ण योगदान गर्नुभएको थियो ।

निकै लामो संघर्षपश्चात् हामीले हाम्रो भूमिलाई संविधानमा नै स्थापित गर्न सफल भएका छौं । यसलाई पार लगाउनु हामी सबैको कर्तव्य हो । कुनै व्यक्तिलाई यो मुद्दा पार लगाउने आँट छैन भने उसलाई यो मुद्दा तुहाउने पनि कुनै अधिकार छैन । सत्तासँग सीमा साट्ने प्रयास नेपाली जनताले कुनै पनि हालतमा सफल हुन दिने छैनन् । बलियो राष्ट्रिय शक्ति निर्माण गर्दै लिम्पियाधुरा, लिपुलेक र कालापानीमा नेपाली स्वामित्व स्थापित गर्न नेपाली जनताको अभियान लक्ष्य प्राप्त नहुन्जेलसम्म निरन्तर जारी रहनेछ ।

(लेखक नेकपा एमालेका पोलिटब्यूरो सदस्य तथा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हुन् । स्रोतः अनलाईखबर)

# मेरो नागरिकताको हैसियत छैन !



सृजना पोखरल

'अन्ततः उमेर पुग्यो । अब टक्क लाएर नागरिकता बनाइन्छ। बालअधिकार ह्यानत्यान पनि ठीकै छ कि, तर नागरिक भन्या नागरिक हो नि यार ! अब त कतै परिचयपत्र देखाउन भन्यो भने पनि शानसँग नागरिकता देखाउने हो । किन चाहियो कलेजको आइडी कार्ड ! दादाको नागरिकतामा त जाबो मान्छेको अक्षर छ, मेरोमा त प्रिन्टेड हुन्छ होला । वाह ! हिरोइन !'

बिहानैबाट फुरूकफुरूक चल्दै थियो मेरो । खाना खानेबित्तिकै बुबालाई हतार हतार तयार हुन लगाएँ। आफू त उठ्नेबित्तिकै तयारै थिएँ। दस मिनेट पर त छ जिल्ला प्रशासन । हिँड्दै गयौं बा-छोरी ।

कार्यालय पुग्यौं । चाहिने कागजात दियौं । एकछिनमा भित्रबाट बोलावट आयो । म गएँ झ्यालनेर ।

'अनि बुबाको नामबाट लिन खोज्नुभएको रहेछ नागरिकता, किन हो र ? आमा हुनुहुन्न ? लौ आमाको पहिचान खुलेको छैन भनेर घोषणा गर्नुपर्छ। पहिले त्यो मिलाएर ल्याउनू ।'

म अकमक्क परेँ ।

'हँ ? के पहिचान नखुलेको ? किन चाहियो र त्यो ? बुबाको नागरिकता छ त त्यहीं ।'

झिजिँदै झ्यालबाट आवाज आयो – बुबाको त छ कि । तर बुवाको नागरिकताले मात्रै कहाँ पुग्छ ? कि आमाको नागरिकता ल्याउनू, कि आमाको पहिचान खुलेको छैन भन्नुपर्छ । ल जानू अब ।'

झ्यालउताका अंकल बोल्न छाडे । मेरो टाउको भनननन गर्न थाल्यो ।

'लौ अब के बन्दैन मेरो नागरिकता ? के यार यो पहिचान नखुलेको ? कहाँबाट ल्याउनु अब प्रमाण ? भन्न के खोजेको हो पहिचान नखुलेको भनेर ! दादाले नागरिकता लिँदासम्म त ठीक थियो त सबै । के भयो एक्कासि ! के हो हत्तेरिका !'

बुबालाई खोज्न थालेँ । देख्दिनँ वर पर । अत्तालिँदै हस्याङफस्याङ गर्दै थिएँ, झसंग ब्युँझिएँ ।

उफ् ! धन्न सपना रहेछ ।

उठेर बक्क परेँ एकछिन । कस्तो खालको सपना होला । बाउको नागरिकताले पुग्दैन रे ! हावा !

भाग्यवस्, यो कहिल्यै विपना नहुने सपना हो । मेरो सपनामा जसरी बुबा बोकेर नागरिकता बनाउन जाने हो भने त्यसरी अत्तालिनु पर्दैन । न पर्थ्यो न कहिल्यै पर्नेछ । तर यदि म आमा मात्रै लिएर गएको भए ?

ओहो ! मैले त सपनामा कति धेरै मान्छेको विपना पो देखेकी रहेछु !

नागरिकता विधेयक प्रमाणीकरण भयो । पढ्दै थिएँ, देखेँ– नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक मानिनेछ ।

'बाबुको पहिचान नखुलेको...' एकछिन त्यहीं रोकिएँ ।

बडो महत्वपूर्ण कुरा रहेछ । दफा ८ मा गरिएको संशोधन हेरेँ ।

बाबुको पहिचान नखुलेको पुष्ट्याइँ सहितको स्वघोषणा– आमाको नामबाट नागरिकता लिँदा निवेदनको साथमा बुझाउनुपर्ने अनिवार्य कागजात ।

यी प्रावधान पढेको दिनदेखि मनमा अरू कुनै कुरा अलिबेर बस्न पाएको छैन । सायद सपनाले तर्साएको पनि त्यही भएरै होला ।

यो बाबुको पहिचान हुन नसकेको भनेको के हो ? आमालाई सन्तानको बाउ को हो भनेर थाहा नहुनु ? जन्म दिने आमालाई जन्माएको बच्चा कसको हो भनेर कुन बेला थाहा हुँदैन ? एकैपटक धेरै पुरुषसँग सहवास भयो अनि बच्चा बस्यो भने होला एउटा त । के राज्यलाई त्यो जानकारी चाहिएको ?

राज्यलाई जानकारी चाहिएको नै किन ? नागरिकतामा जन्म दिने दुवैको पहिचान खुल्नुपर्छ भनेर ? तर यदि त्यसो हो भने त हरेक नागरिकतामा बुबा र आमा दुवैको परिचय खुलाउनु अनिवार्य हुन्थ्यो होला ।

आजको दिनमा यदि सब नागरिकलाई आ-आफ्नो नागरिकता पल्टाएर देखाऊ भन्ने हो भने, कम्तिमा एक-तिहाई जनसंख्याको नागरिकतामा आमाको नामनिसान छैन होला । मेरै उमेरका प्रायः साथी समूहमा नागरिकतामा आमाको पनि नाम राख्ने म एक्लै हुन्छु । मैले रहरले राखेकी हुँ ।

जब बाबुको नामबाट नागरिकता लिँदा आमाको नामको एक अक्षर पनि आवश्यक पर्दैन भने आमाको नामबाट नागरिकता लिँदा बाबुको पहिचान, विवरण किन चाहिन्छ ?

नेपालको संविधान, भाग ३, 'समानताको हकमा' कतै, 'माथि जेसुकै लेखिएको भए पनि नागरिकताको हकमा भने महिलाको नागरिकता हैसियत पुरूष नागरिकताभन्दा एक दर्जा कम रहनेछ' भनेर लेखिएको छ हो ? मैले पढ्न छुटाएकी हुँ ?

होइन भने एक नागरिक आमाले आफ्नो सन्तानलाई नागरिकता दिलाउन, एक नागरिक बाबुभन्दा थप कागजात पुऱ्याउनुपर्ने किन हो ?

हाम्रो गाउँमा एक जना आमा भन्नुहुन्थ्यो, 'सत्य भनेको आमा मात्रै हो हेर केटाकेटी । बा त बा हो/बा होइन !'

आमाले मजाकमा भन्नुभएको हो । तर एक तरिकाले सोच्ने हो भने, आमा गलत हुनुहुन्न । कुनै बच्चा आफ्नो हो कि होइन भनेर, जन्म दिने आमालाई थाहा नहुने कहिल्यै हुँदैन । तर बाउलाई भने कहिलेकाहीँ थाहा नहुन पनि सक्छ। उसले त आमाले भनेको पत्याइदिने हो । गलत नियत राखेका अपराधीहरूको अहिले कुरा नगरौं । त्योबाहेक नागरिकता दिलाउन आएको कुनै पुरूष असली पिता हो कि होइन, ऊ आफैंलाई थाहा नहुन सक्छ । प्रमाणित गरिदिन आमा चाहिन्छ। त्यसैले तर्क नै लगाउने हो भने बरु बाबुको नामबाट नागरिकता निकाल्दा चाहिँ आमाको पहिचान खुलाएर नागरिकता स्पष्टीकरण दिनुपर्ने होइन र ?

यस्तो तर्क सुन्नेबित्तिकै कतिलाई यो सब कुरा अनावश्यक बखेडाजस्तो लाग्यो होला । कतिको मुखमाथि जुँगामै झुन्डिएको हुन्छ– यी डलरे महिलावादीहरु तिललाई पहाड बनाउँछन् !

कुनै कुरा झरेर जाने तिल हो कि थिचेर बस्ने पहाड, त्यो कुरा आफ्नै काँधमाथि नबस्दासम्म थाहा हुँदैन सायद ।

साख्खै भए आफ्नै दिदी, नभए नाताकी दिदीलाई सम्झिनुहोस् । दिदीलाई बिहे गरेर पठाउनुभयो । केही समयमै मायालु भाञ्जा जन्मिए । तर पछि दिदीको

...बाँकी पृष्ठ ३ मा

# अपाङ्गता भएकाहरुको नसुनिएका आवाज उठान भएको छ

जमुना थिङ

हेटौंडाः बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को ३ वटा कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश मकवानपुरको साझेदारीमा सञ्चालनमा रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुका लागि कानुनी सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न, अपाङ्गता सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन, सेफ हाउस सञ्चालक र व्यवस्थापकहरुलाई हिंसाबाट प्रभावित अपाङ्गता भएका महिलाहरुलाई सहयोग, उद्दार तथा पुनर्स्थापनासम्बन्धी अभिमुखीकरण कार्यक्रम रहेको छ । ती कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले २२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि कानुनी सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न ७ लाख रुपैयाँ विनियोजन गरिएको छ । अपाङ्गता सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको छ । यस्तै, सेफ हाउस सञ्चालक र व्यवस्थापकहरुलाई हिंसाबाट प्रभावित अपाङ्गता भएका महिलाहरुलाई सहयोग, उद्दार तथा पुनर्स्थापनासम्बन्धी अभिमुखीकरण तालिमका लागि ५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश कार्यालयकी व्यवस्थापक सीता मल्लले अपाङ्गता भएका व्यक्तिहरुका लागि कानुनी सचेतनासम्बन्धी कार्यक्रम र अपाङ्गता सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । यस्तै, सेफ हाउस सञ्चालक र व्यवस्थापकहरुलाई हिंसाबाट प्रभावित अपाङ्गता भएका महिलाहरुलाई सहयोग, उद्दार तथा पुनर्स्थापनासम्बन्धी अभिमुखीकरण कार्यक्रम भने सञ्चालन गरेको छैन ।

मकवानपुर जिल्लामा गत २०७९ चैत्र ९ र १० गते र धादिङ जिल्लामा २०७९ फागुन १० गतेदेखि १२ गतेसम्म अपाङ्गता भएका व्यक्तिहरुलाई कानुनी सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ । प्रदेशभित्रका १३ वटै जिल्लाका सदस्य संस्थाको प्रतिनिधिको सहभागिता रहने गरी महासंघले गरेको कार्य प्रगति सुनुवाई र थप गर्नुपर्ने विषयवस्तुका विषयमा सुझाव संकलन गर्ने उद्देश्यले हेटौँडामा कार्यक्रम गरिएको छ ।

हेटौँडामा अपाङ्गता भएका व्यक्तिहरुका लागि २ दिने कानुनी सचेतना कार्यक्रमको पहिलो दिन बागमती प्रदेशका १३ वटै जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संघसंस्थाका प्रतिनिधिहरुलाई उपस्थित गराई अपाङ्गता परिचयपत्र वितरण, पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, रोजगारलगायतका सवालहरुउपर अन्तरक्रियात्मक कार्यक्रम गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको अवस्था थप मजवुत बनाउन नीति तथा कार्यक्रममा समावेशका लागि सुझावहरु संकलन गरिएको छ ।

बागमती प्रदेश सरकारले अपाङ्गता अधिकारका लागि गरेका पहलहरुबारे जानकारी दिइएको छ। नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा समावेश भएका प्रावधानहरु, प्रदेशको व्यवस्था, बागमती प्रदेशबाट निर्मित कानुनहरु, अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन कार्यविधि २०७८, अपाङ्ग सूचना केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि २०७५, बागमती प्रदेश निर्मित कानुनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र सम्बर्द्धनसम्बन्धी व्यवस्थाहरुबारे आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत उषा गौतमले सहजीकरण गर्नुभएको थियो ।

यस्तै, दोस्रो दिन नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा समावेश भएका प्रावधानहरु, आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा भएको व्यवस्थाबारे पुनर्स्थापना र विकासका लागि श्रोत केन्द्र निर्देशक सूर्यभक्त प्रजापतिले सहजीकरण गर्नुभएको थियो । अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि प्रदेश सरकारद्वारा गरिएको संस्थागत व्यवस्था, सामाजिक विकास मन्त्रालयले अपाङ्गताको क्षेत्रमा भएका कार्यक्रमबारे जानकारी दिइएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा समावेश गराउन महासंघले सुझाव संकलन गरेर प्रदेश तथा स्थानीय सरकारलाई पेश गरी कार्यान्वयनका लागि पहल गरिने जनाइएको छ ।

संघ, प्रदेश र स्थानीयस्तरमा बनेका ऐन कानुन नीति नियमलगायत राष्ट्रिय अन्तर्राष्ट्रिय ऐन कानुनबारे नयाँ थप जानकारी गराई लक्षित वर्गको हक अधिकार सुरक्षित गर्ने अपेक्षासहित कार्यक्रम आयोजना गरिएको हो । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश, बागमती प्रदेश सरकार र स्थानीय सरकारले निर्माण गरेका गतिविधिबारे जानकारी गराउने उद्देश्यले अभिमुखीकरण आयोजना गरिएको हो । बागमती प्रदेशभित्र रहेका अपाङ्गता क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधिको सहभागितामा आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सुझाव संकलन गरी प्राप्त प्रदेश सरकारलाई पेश गर्ने र १३ वटै जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको चुनौतीहरु र अवस्थाबारे जानकारी आदानप्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश व्यवस्थापक सीता मल्लले उक्त कार्यक्रम सञ्चालनपश्चात् बागमती प्रदेशमा बनेका विभिन्न ऐन तथा नीति नियमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका लागि रहेको व्यवस्थाबारे जानकार भएको बताउनुभयो । संस्थामार्फत् स्थानीय तहलगायत सरोकारवालाहरुलाई नीतिमा भएबमोजिम कार्यान्वयनका लागि पहल गर्ने अभ्यासको सिर्जना भएको बताइएको छ । प्रदेश सरकार स्थानीय सरकारसँग समन्वय गरी अपाङ्गताका सवाल समावेश गर्न सक्षम भएको उहाँको भनाइ छ । सवाल वा समस्याहरुप्रति निर्णयकर्ता वा नीति निर्माताहरुको ध्यानाकर्षण गराई सम्बोधन गराउन सक्ने भएका छन् । अपाङ्गता भएका व्यक्तिहरुका नसुनिएका आवाजहरुलाई उठाई सरोकारवालाको ध्यानाकर्षण गराउन र आफ्ना सवालहरुलाई स्थापित गर्न र सम्बन्धित ठाउँमा आवाज पुऱ्याउन सक्षम भएका छन् ।

आफूसमेत कृत्रिम खुट्टा प्रयोग गर्दै आइरहेको अपाङ्ग महिला रहेको भन्दै उहाँले भौगोलिक विविधताका कारण कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता गराउन कठिनाई भएको उहाँको धारण छ । अपाङ्गता अधिकारसम्बन्धी कानुनहरु धेरै रहेको हुँदा समय सान्दर्भिक भएपनि कार्यक्रमको समय छोटो भएको गुनासो गर्नुभयो। अपाङ्गता अधिकारसम्बन्धी संघीय तथा प्रदेश तहमा बनेका विभिन्न ऐन कानुन तथा व्यवस्थाहरु जनप्रतिनिधि तथा कार्यान्वयन तहमा रहनुभएका व्यक्तिहरु सहभागी गराई कार्यक्रम सञ्चालन गर्न सकेको र कार्यान्वयनका लागि दवाव सिर्जना सहज हुने कार्यक्रमको सिकाई रहेको महासंघले जनाएको छ ।

कार्यक्रममा सहभागी कीर्तन श्रेष्ठ भन्नुहुन्छ, “प्रदेशमा बनेका ऐनकानुन बुझ्ने अवसर पाएका छौं । जसमा निजामती ऐनमा ५ प्रतिशत अपाङ्ग आरक्षण कोटाको व्यवस्था संघीय सरकारले गरेको छ ।” बागमती प्रदेशको हकमा भने अपाङ्गता भएकालाई ३ प्रतिशतमात्र आरक्षणको व्यवस्था रहेको जानकारी प्राप्त भएको उहाँको भनाइ छ। २ प्रतिशत कटौती गर्नु अपाङ्गता भएकाहरुका लागि दुःखको विषयसमेत रहेको उहाँले बताउनुभयो । अन्य प्रदेशको हकमा ५ प्रतिशत नै कायम रहेको श्रेष्ठले जानकारी दिनुभयो ।

प्रदेश सरकारले नै प्रदेशमात्र नभई स्थानीयस्तरमा पनि कार्यक्रम सञ्चालन गर्न जरुरी रहेको उहाँको धारणा छ । संघसंस्थाले सेवामूलक कार्य गर्ने भएकाले अभिमुखीकरणजस्ता कार्यक्रम प्रदेश सरकार स्वयम्ले गर्नुपर्ने धारणा श्रेष्ठले राख्नुभयो। सबै स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिलाई पर्याप्त जानकारी हुनुपर्ने श्रेष्ठले माग गर्नुभयो । अपाङ्गता भएकाहरुले पाउने सुविधा तथा कानुनी व्यवस्थाबारे स्थानीयस्तरमा सचेतना दिन आवश्यक रहेको उहाँले जानकारी दिनुभयो ।

प्रदेश सरकारले सहयोग गरेको अपाङ्गता पुनर्स्थापना कार्यक्रम आफू आबद्ध संस्थाले गर्न लागिएको जानकारी दिनुहुँदै श्रेष्ठले भक्तपुरमा आयोजना हुने उक्त कार्यक्रममा आफूले सिकेका कुरालाई सदुपयोग गर्ने तथा अरुलाई पनि जानकारी दिने बताउनुभयो । यस्ता कार्यक्रमलाई प्रदेश सरकारले निरन्तरता दिन सके आफूजस्ता व्यक्ति कुनै पनि कानुनी व्यवस्थाबाट वञ्चित हुनु नपर्ने उहाँको भनाई छ ।

यसैगरी उक्त विषयमा धादिङमा पनि अभिमुखीकरण कार्यक्रम भएको छ। २ दिने अभिमुखीकरण कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन अधिकृत उषा गौतम र एबिलिटी मञ्च प्रालिका निर्देशक सुदर्शन सुवेदीले सहजीकरण गर्नुभयो । जसको सवाल उसको नेतृत्व र प्रतिनिधित्व स्थापित गर्न र स्वयम् उपेक्षा वा अन्यायमा परेका समुदायलाई आफ्नो सवालमा सक्रिय गराउने उद्देश्यले अभिमुखीकरण आयोजना गरिएको छ । तर कार्यक्रमको उद्देश्य, उपलब्धी, चुनौती र सुझाव भने एउटै रहेको महासंघले जनाएको छ। धादिङमा आयोजना गरिएको कार्यक्रममा २ लाख ५९ हजार रुपैयाँ खर्च भएको छ । यसैगरी मकवानपुर जिल्लाको हेटौँडामा आयोजना गरिएको कार्यक्रममा ५ लाख १९ हजार ६ सय ७५ रुपैयाँ खर्च भएको छ । हेटौँडामा भएको उक्त कार्यक्रमबाट काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर र चितवन जिल्लाका अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित भएका छन्।

यस्तै, धादिङमा भएको कार्यक्रमबाट रसुवा, धादिङ र नुवाकोट जिल्लाका अपाङ्गता भएका व्यक्ति लाभान्वित भएका छन् । उक्त कार्यक्रममा ३१ महिला र १९ पुरुष गरी ५० जनाको सहभागिता रहेको थियो। शारीरिक अपाङ्गता महिला ११ र पुरुष १६ गरी २७ जना, दृष्टिसम्बन्धी अपाङ्गता ७ महिला र २ पुरुष गरी ९ जना, सुनाई सम्बन्धी अपाङ्गता एक महिला र ३ पुरुष गरी ४ जना लाभान्वित भएका छन् । आफ्नो सवाल कुन समयमा कहाँ राख्ने भन्ने विषयमा अझ पनि अन्यौलमा छन्। उक्त कार्यक्रमहरु सञ्चालन भए अपाङ्गता भएका व्यक्तिहरुले कुन ऐन कानुनमा के व्यवस्था उल्लेख गरेको छ जानकारी पाउनेछन् । साथै उक्त कानुनहरुमा रहेको व्यवस्थाहरुलाई कार्यान्वयनतर्फ लैजान सहज वातावरण सिर्जना हुनेछ ।

देशको नयाँ संरचना निर्माणपछि पछिल्लो समयमा संघीय सरकारले अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न कानुन, नियम, नीति र नयाँ कार्यक्रमहरु ल्याएको छ । बागमती प्रदेश सरकारले पनि अपाङ्गता भएका व्यक्तिहरुको लागि केही बजेट, कार्यक्रम र सेवासुविधाहरुको व्यवस्था गरेको छ। संघीय सरकार प्रदेश सरकारदेखि स्थानीय सरकारले विभिन्न नियम कानुनहरु निर्माण गरिएको छ। ती कानुनहरु के के छन् र अपाङ्गता भएको व्यक्तिहरुको सवाल कस्तो राखिएको छ भन्ने विषयमा अपाङ्गता भएको व्यक्तिहरुलाई र उनीहरुको अभिभावकलाई जानकारी भई कार्यान्वयनतर्फ लैजानु आवश्यक छ ।

धादिङमा भएको कार्यक्रमको उद्देश्य संघ तथा प्रदेशमा बनेका नीतिबारे जानकारी हुनेछ भन्ने रहेको छ। संस्थामार्फत् स्थानीय तहलगायत सरोकारवालाहरुलाई नीतिमा भएबमोजिम कार्यान्वयनका लागि पहल गर्नेछ। प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरी अपाङ्गता सवाल समावेश गर्न सक्षम बनाउने, सवाल वा समस्याहरुप्रति निर्णयकर्ता वा नीति निर्माताहरुको ध्यानाकर्षण गराई सम्बोधन गराउन, अपाङ्गता भएका व्यक्तिहरुका नसुनिएका आवाजहरुलाई उठाई सरोकारवालाको ध्यानाकर्षण गराउन, आफ्ना सवालहरुलाई स्थापित गर्न र सम्बन्धित ठाउँमा आवाज पुऱ्याउने छ। जसको सवाल उसको नेतृत्व र प्रतिनिधित्व स्थापित गर्न र स्वयम् उपेक्षा वा अन्यायमा परेका समुदायलाई आफ्नो सवालमा सक्रिय गर्ने उद्देश्य रहेको छ ।

हेटौँडामा भएको उक्त कार्यक्रमबाट काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर र चितवन जिल्लाका अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित भएका छन्। जसमा ५१ जना पुरुष र ५२ जना महिला गरी एक सय ३ जनाको सहभागिता रहेको थियो । शारीरिक अपाङ्गता २३ जना महिला र १९ जना पुरुष गरी ४२ जना, बौद्धिक अपाङ्गता एक जना महिला र एक जना पुरुष गरी २ जना, दृष्टिसम्बन्धी अपाङ्गता १० जना महिला र १५ जना पुरुष २४ जना छन् । सुनाईसम्बन्ध अपाङ्गता महिला ६ जना र पुरुष ६ जना गरी १२ जना छन् । स्वरबोलाई महिला २ जना र पुरुष एक जना गरी ३ जना, अभिभावकतर्फ १४ महिला र ६ पुरुष गरी २० जना लाभान्वित भएका छन्। यस्तै धादिङमा भएको कार्यक्रमबाट रसुवा, धादिङ र नुवाकोट जिल्लाका अपाङ्गता भएका व्यक्ति लाभान्वित भएका छन् । उक्त कार्यक्रममा ३१ महिला र १९ पुरुष गरी ५० जनाको सहभागिता रहेको थियो। शारीरिक अपाङ्गता महिला ११ र पुरुष १६ गरी २७ जना, दृष्टिसम्बन्धी अपाङ्गता ७ महिला र २ पुरुष गरी ९ जना, सुनाई सम्बन्धी अपाङ्गता एक महिला र ३ पुरुष गरी ४ जना, स्वर बेलाई महिला एक जना, अभिभावकबाट ४ महिला र ५ पुरुष गरी ९ जना लाभान्वित भएका छन् ।

कार्यक्रमबाट बागमती प्रदेशका अपाङ्गता भएका व्यक्तिहरु आफ्ना सवाललाई प्राथमिकताका साथ उठान गरी राज्यले प्रदान गरेका सम्पूर्ण कानुनी अधिकारहरु प्राप्त गर्न सक्षम हुनेछन्। साथै विभिन्न ऐन कानुनमा रहेका प्रावधानबारे सचेत गराउने अपेक्षा लिइएको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## मेरो नागरिकताका...

डिभोर्स भयो। भिनाजु राम्रा मान्छे हुन्, असल पिता हुन्, केवल मन नमिलेर अलग्गिएका हुन् भने त केही छैन । तर दिदी भिनाजुसँग छुट्टिँदा जिउभरि घाउ बोकेर फर्केकी हुन् भने ? कहिल्यै त्यो मान्छेको अनुहार हेर्न नपरोस् भनेर आएकी हुन् भने ? भाञ्जाको जिन्दगीमा भिनाजु बाउ नभएर केवल वीर्य हुन् भने ?

यस्तो बेला अब भाञ्जालाई नागरिकता दिन दिदी पर्याप्त छैनन् भन्ने थाहा पाउँदा कस्तो लाग्छ तपाईंलाई ? सामान्य हो कुरा ? त्यति नागरिकताका लागि अनुहार पनि हेर्न नसक्ने मान्छेलाई अनुरोध गर्दै जानपर्नु अन्याय होइन ?

जाबो तिलले यति नराम्ररी त नथिच्नुपर्ने नि है ?

यो त नेपाली पुरूषसँगै बिहे हुँदाको कुरा ।

विदेशीसँग बिहे गर्दा त अझ कानुन चाहन्छ– छोरी नेपाल बस्दै नबसोस् । जति नै वर्ष नेपाल बसे पनि, ज्वाइँलाई यहीँ राखे पनि, भोलि नातिनीले वंशजको नेपाली नागरिकता कहिल्यै पाउँदिनन् । बाआमाले त छोराछोरीलाई बराबर गरेर हुर्काए । कहिल्यै केही कुरामा छोराभन्दा अलग व्यवहार गरेनन् । छोरीलाई विदेश घुम्ने, विदेशी ज्वाइँ रोज्ने स्वतन्त्रता दिए। तर पनि छोरीको हैसियत छोरासरह हुन सकेन ।

जाबो तिलजत्रो कुराले छोरीको हैसियत नै बदल्न त नसक्नुपर्ने नि है ?

अझ भयंकर डर त अर्को छ। यो तिलजत्रो कुराले छोरीको हैसियत मात्र बदल्दैन, छोरीलाई हिंसा सहने पनि बनाउन सक्छ ।

मानौं मेरो कुनै भारतीय पुरूषसँग बिहे भयो । एक वर्षमै छोरी जन्मिई । अलि समयपछि लोग्नेको व्यवहार बदलिन थाल्यो । थाहा भयो लोग्ने डरलाग्दो रिसाहा छ । हातखुट्टा भाँचिने गरी त पिट्दैन, तर हरेक दिन कहीँ न कहीँ नीलो-रातो डाम बसेकै हुन्छ ।

भर्खर बिहे गरेको एक वर्ष भयो, भारतको नागरिकता पनि छैन । उसलाई चटक्क छोडेर नेपाल आएँ भने सरकार 'बच्चालाई फर्काएर नल्याउनू, नागरिकता दिन्नँ म' भन्छ। आफू नेपाल आएर आफ्नै नामबाट नागरिकता दिन खोजे छोरी कहिल्यै देशकी प्रधानमन्त्री हुन पाउँदिन । कहिल्यै ठूलो सपना देख्नै पाउँदिन । आमाको मन न हो, सायद म डराउँछु ।

सोच्छु होला– बरु छोरीको नागरिकता हुन्जेल सहन्छु, जे जे हुन्छ । भारतकै नागरिक होस्, पहिलो दर्जाकी होस् !

मैले वर्षौंसम्म हरेक दिन निलडाम सहेर बस्न सक्ने सम्भावना तिलजत्रै कुरा हो ?

भोलि मेरो दादाले जोसुकैसँग बिहे गरे पनि, जुनसुकै देशकी भाउजू ल्याए पनि भदा/भदैनीले आमाको देश त के, नामसमेत नभनी वंशजको नागरिकता पाउँछ । यदि दादा र म बराबर हो भने मेरी छोरीले पनि ठ्याक्कै त्यस्तै हक पाउनुपर्ने होइन ? भोलि मेरै कारण अंगीकृत नागरिकता बोकेकी छोरीलाई कुन मुखले 'यो देशमा भेदभाव छैन नानी, छोराछोरीको हक बराबर छ' भन्नु मैले ? कति ठूलो झन्डाले देशको लाज छोप्नु ?

यी सब प्रश्न क-कसलाई गरिरहेछु खै !

सायद अलिअलि सबैलाई होला। विधेयक बनाउनेलाई । विधेयक अँगाल्नेलाई । विधेयकलाई गाली गर्दा 'सुरक्षा खतरा' मात्रै देख्नेलाई । यो असमानता देखाउने अघिल्ला लेखहरू 'फेरि यी डलरे महिलावादीको रोनाधोना' भनेर पन्छाउनेलाई । सबैलाई ।

तर सबभन्दा बढी, विधेयकको पक्षमा टेबल ठोक्ने महिला सांसदलाई । केबल प्रश्न होइन जानकारी पनि ।

'अ' प्रिय सांसदज्यू,

सायद तपाईंलाई आफ्नो घरमा यी केही समस्या कहिल्यै आइपर्दैनन् भन्ने लागेरै टेबल ठोक्नुभयो होला । तर यति त तपाईंलाई पनि थाहा छ, आमाले आफ्नो नामबाट नागरिकता दिन्छु भन्नेबित्तिकै बाबुको पहिचान नखुलेको घोषणा गर् भन्नु, आमाको पहिचान पर्याप्त छैन भन्नु हो। यो राज्यले तपाईंलाई एक पुरूषसरह पक्का नागरिक मान्दैन । यदि तपाईं यो विधेयकमा समस्या देख्नुहुन्न भने तपाईं स्वयं पनि आफूलाई यो देशको पक्का नागरिक मान्नुहुन्न। नागरिक हुनु त सांसद हुने आधारभूत योग्यता हो नि है ? यसरी त तपाईंको योग्यता नै पुगेको रहेनछ। *(स्रोतः सेतोपाटी)*

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ। नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौँडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइनः ९८५५०-७२२८८**

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## हेटौंडा मेयरकप फुटबल

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडा: तेस्रो संस्करणको हेटौंडा मेयर कप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार क्वार्टर फाइनलका दुई खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

मंगलबार हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा १३ नम्बर र १५ नम्बर वडा विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेको छ । १३ नम्बरले २ नम्बरलाई ३-१ गोलअन्तरले र १५ ले १९ नम्बरलाई टाइब्रेकरमा ५-३ गोलअन्तरले हराउँदै सेमिफाइनल प्रवेश गरेको हो । १५ र १९ नम्बर वडाबीचको खेल निर्धारित समय गोलरहित बराबरीपछि टाइब्रेकरमा धकेलिएको थियो । म्यान अफ द म्याच १५ नम्बरका गोलरक्षक अनिल लो घोषित भए ।

१३ नम्बरको जीतमा सुनिल थिङले २ गोल र स्यामुयल सुनारले एक गोल गरे । थिङले एक गोल पेनाल्टीमार्फत् गरेका हुन् । म्यान अफ द म्याच सुनार घोषित भए । २ नम्बर वडाका लागि विज्ञान राजबाहकले एक गोल गरे । प्रतियोगिताको सेमिफाइनल खेलहरु बुधबारबाट सुरु हुँदैछ। बुधबारको पहिलो सेमिफाइनल खेलमा १४ नम्बर र १५ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । यस्तै दोस्रो सेमिफाइनल खेलमा बिहीबार १३ नम्बर र ११ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछ। सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने जनाइएको छ ।

# फाइल सूची तयारी कार्यशाला सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्यसहित बालमैत्री सहजकर्ता र बालमैत्री सम्पर्क व्यक्तिलाई २ दिने फाइल सूची तयारी कार्यशाला सम्पन्न भएको छ । गत आइतबार हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा एकप्याट लक्जम्वर्गको सहयोगमा शुरु भएको कार्यशाला सोमबार सम्पन्न भएको हो ।

कार्यशालामा बालमैत्री स्थानीय शासनसम्बन्धी कागजात व्यवस्थापनका लागि फाइल सूची कसरी तयारी गर्ने भन्नेबारे राष्ट्रिय बालमैत्री सहजकर्ता विष्णुप्रसाद चौवेले प्रशिक्षण दिनुभएको थियो । चौवेले बालमैत्री स्थानीय शासन घोषणाका लागि पूरा गर्नुपर्ने ५ वटा चरणहरु, ५१ वटा सूचक पूरा कसरी गर्ने भन्ने बारे सहजीकरण गर्नुभएको थियो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको सभाध्यक्षतामा भएको कार्यशालामा महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछाने, बालमैत्री नगर सम्पर्क व्यक्ति बिना ठिके, बालमैत्री नगर सहजकर्ता सपना ढुंगाना, १९ वटै वडाका बालमैत्री सम्पर्क व्यक्ति र बालमैत्री सहजकर्ताको समेत उपस्थिति रहेको थियो ।




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# १०३ मुद्धाको पेशीमा २८ मुद्धा फैसला

समाज संवाददाता

**हेटौंडा: मकवानपुर जिल्ला अदालतमा सोमबार र मंगलबार गरी १०३ वटा मुद्धाको पेशी परेकोमा २८ वटा मुद्धा फैसला भएको छ। न्यायाधीशहरु ऋषिराम निरौला, राजेन्द्र अधिकारी, श्रीप्रसाद सञ्जेल र मनकुमारी जीएम विकको इजालशमा २८ मुद्धा फैसला भएको हो ।**

**सोमबार ५४ वटा मुद्धाको पेशी परेको थियो । उक्त दिन १८ वटा मुद्धा फैसला भएको र ३४ वटा मुद्धामा आदेश भएको छ। उक्त दिन २ वटा मुद्धा स्थगित भएको अदालतको तथ्यांकमा उल्लेख छ ।**

**मंगलबार ४९ मुद्धाको पेशी रहेकोमा १० वटा मुद्धा फैसला भएको छ। सो दिन ११ वटा मुद्धामा आदेश र १६ वटा मुद्धा स्थगित भएको जनाइएको छ। पेशी भएका मुद्धामा सम्बन्धविच्छेदको मुद्धाको संख्या उच्च देखिएको छ। अंशसहित सम्बन्धविच्छेद मुद्धामा १९ वटा मुद्धा पेशीमा परेको थियो। पेशीमा परेका मुद्धामध्ये लागूऔषधको ६ वटा मुद्धा, दुषित राजीनामा लेखनमा ६ वटा मुद्धा, चेक अनादरमा ४ वटा मुद्धा, जालसाजीमा ७ वटा मुद्धा र लेनदेनमा ४ वटा मुद्धा रहेको छ।**

# बागमती प्रदेशका युवालाई नमूना संसद अभ्यास

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश युवा परिषद्को आयोजनामा बागमती प्रदेशका युवाका लाििग नमुना संसद अभ्यास कार्यक्रम मंगलबारदेखि हेटौंडामा सुरु भएको छ । प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षता तथा बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको छ ।

नमूना संसदको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत र प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीको पनि आतिथ्य रहेको थियो । नमुना युवा संसद अभ्यासमा प्रदेशका १३ वटै जिल्लाका ४० जना युवा सहभागी छन् । युवालाई संसदीय अभ्यासको विषयमा जानकारी गराउने उद्देश्यले नमूना संसदको अभ्यास गरिएको कार्यकारी उपाध्यक्ष चौलागाईले जानकारी दिनुभएको छ। नमूना संसदको अभ्यास ४ दिनसम्म सञ्चालन हुनेछ ।

# चौताराकी बिनिताको मृत्यु

समाज संवाददाता

हेटौंडा: सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१४ डडुवामा अचानक पेट दुखी विमारी हुँदा एक युवतीको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानकी २१ वर्षीय बिनिता राई सार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिनिता सोमबार दिउँसो २ बजेको समयमा एक्कासी पेट दुखेपछि उपचारका लागि काभ्रे जिल्लाको भुम्लु गाउँपालिका-१०, दोलालघाटस्थित दोलालघाट पोलिक्लिनिक लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# ट्रक पल्टिँदा रुम्बा घाइते

समाज संवाददाता

हेटौंडा: भीमफेदी गाउँपालिका-८ भर्याङडाँडामा ट्रक अनियन्त्रित भई पल्टिदा ट्रक चालक घाइते भएका छन् । घाइते हुनेमा चितवन जिल्लाको राप्ती नगरपालिका-११, आपपानी बस्ने ३६ वर्षीय सोनाम रुम्बा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

सोमबार राती १० बजेर ४५ मिनेटको समयमा कान्तिलोकपथ राजमार्गमा बारा निजगढबाट काठमाडौं तर्फ जाँदै गरेको प्र १-०२-००१ ख ८१८३ नम्बरको ६ चक्के ट्रक (इट्टा लोड) आफै अनियन्त्रित भई सडक बाट ५ सय मिटर तल खस्दा रुम्बा घाइते भएका थिए। घाइते रुम्बालाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।

# वार्षिक कार्यक्रमको समीक्षा

समाज संवाददाता

हेटौंडा: ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीले आफ्नो वार्षिक कार्यक्रमको प्रगतिको समीक्षा गरेको छ । सोमबार बिहान हेटौंडामा एक कार्यक्रमको आयोजना गरी वार्षिक क्रियाकलापको समीक्षा गरेको हो । गुठीले मकवानपुरसहित देशका २५ भन्दा बढी जिल्लामा विद्यालय तहका विद्यार्थीलाई शैक्षिक सामग्री, विद्यालय पोशाक र छात्रवृत्ति सहयोग गर्दै आएको छ । गुठीकी अध्यक्ष कमला अधिकारी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, जिल्ला समन्वय प्रमुख बासुप्रसाद खतिवडा, कैलाश गाउँपालिकाका अध्यक्ष लोक मुक्तानको पनि उपस्थिति रहेको थियो ।

## नागरिकका कर्तव्य

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानुनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन शिलान्यास

समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ मा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन शिलान्यास गरिएको छ। मंगलबार जलेश्वर महादेव क्षेत्र विकास समितिले मन्दिर परिसरमा भवन शिलान्यास गरेको हो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले भवन शिलान्यास गर्नुभएको हो ।

वडाको १० लाख रुपैयाँ बजेटमा एक तल्ले भवन निर्माण गरिने समितिले जनाएको छ। वृद्धवृद्धाहरुको योग कक्षका लागि उक्त भवन प्रयोग हुनेछ । जसमा वृद्धवृद्धाहरुले मनोरञ्जन लिन सक्नेछन् । आउँदो असार १५ गते भवन निर्माण गरिसक्ने हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिनुभएको छ ।

# बोलेरोले ठक्कर दिँदा राउतको मृत्यु

समाज संवाददाता

हेटौंडा: चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५ मा बोलेरो जिपले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने ५० वर्षीय वीरेन्द्र राउत रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार दिउँसो ३ बजेको समयमा जानकी चोकमा ना ३ च ११९ नम्बरको बोलेरोले बा ८५ प ३६२७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । बोलेरोले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलको पछाडी सवार ४१ वर्षीय राज कुमार नेपाली र राउत दुवै घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा ४ बजेको समयमा राउतको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

# वडा नं. २ का विजुलीको पोलहरु नम्बरीकरण कार्य सुरु



*विजुलीको पोलमा नम्बरिङ कार्यको सुरुवात गर्दै ।*

समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ ले वडामा रहेका विजुलीका पोलहरु नम्बर लेख्न सुरु गरेको छ । गत आइतबारदेखि वडाको कान्तिराजपथ र हरिकुञ्जरोडका पोलहरुमा नम्बर लेख्ने काम थालेको छ। विजुलीका पोलहरुलाई वैज्ञानिक शैलीबाट नम्बरिङ गर्ने कार्य सुरु गरिएको वडा अध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिनुभयो ।

वडामा करिब ६ सयको संख्यामा विजुलीका पोलहरु रहेको वडा अध्यक्ष महर्जनले बताउनुभएको छ । पोलमा नम्बरिङ गरेपछि कुनै समस्या आए पोल नम्बरअनुसार तत्काल समस्या समाधान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । पोलमा नम्बरिङ गर्न वडाले ७५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। पोल नम्बरिङ गर्ने कार्य जेठ महिनाभित्रै सकिने वडा अध्यक्ष महर्जनको भनाइ छ । यसरी पोलमा नम्बरिङ गर्न लागेको २ नम्बर वडा पहिलो हो ।

## क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिल बमोजिम बढीमा पचास हजार रुपैयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ